जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९७ २०७९ साल कात्तिक २४ गते बिहीबार (10 Nov. 2022 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन नजिकिएसँगै सुरक्षा ... ३ पृष्ठमा : कोप-२७: जलवायु ... ३ पृष्ठमा : रुसी सेना फिर्ताभएपछि ...

# आचारसंहिता विपरीत झुण्ड्याइएका प्रचार सामग्रि प्रहरीद्वारा हटाइयो



**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले आ-आफ्नो प्रचार प्रसारका निम्ति झुण्ड्याएका प्रचार प्रसार सामग्रि बुधबार प्रहरीले हटाएको छ ।

निर्वाचन आचारसंहिता विपरीत ती प्रचार प्रसार सामग्रि राजविराज नगरसहित जिल्लाको विभिन्न बजार तथा सार्वजनिक स्थलमा झुण्ड्याएको भन्दै प्रहरीले हटाएको हो ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको नेतृत्वमा सुरक्षाकर्मीसहितको टोलीले नगर क्षेत्रको सार्वजनिक स्थलहरुमा आचारसंहिता विपरीत झुण्ड्याइएको विभिन्न उम्मेदवारको तुल, ब्यानर, पोष्टर, झण्डालगायतका प्रचार सामाग्रि हटाइएको छ ।

निर्वाचन आचारसंहिता पालना गराउने क्रममा यसअघि पटक पटक बसेको सर्वदलिय बैठकमा विभिन्न राजनीतिक दलका उम्मेदवार र पार्टी प्रतिनिधिले आचार संहिता विपरीत सार्वजनिक स्थलमा राखिएका प्रचार सामाग्रि आफैले हटाउने प्रतिबद्धता जनाए पनि सोको पालना नगरेकाले सुरक्षाकर्मीको प्रयोग गरि त्यस्ता सामाग्रिहरु हटाइएको प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले बताए ।

आचारसंहिता विपरीत बजार क्षेत्रमा प्रचार सामाग्रि प्रयोग गर्ने काम सबैजसो पार्टीले गरेकाले त्यस्ता गतिविधि रोक्न सम्बन्धित दल र उम्मेदवारलाई सचेत गराउँदा पनि बेवास्ता गरेको पाइएकाले सुरक्षाकर्मीको प्रयोग गरि त्यस्ता सामाग्रि हटाइएको उनको भनाई छ ।

यता जिल्ला निर्वाचन कार्यालय सप्तरीले दलहरुले अचारसंहिता पूर्ण पालना गर्ने भनेर प्रतिबद्धता जनाए पनि त्यसको पालना नगरेको पाइएकोले निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन, सबै राजनीतिक दलले आचार संहिताको पूर्ण पालना गर्नुपर्ने सबैसँग अपील समेत गरेको छ ।

निर्वाचन आचार संहिता २०७९ मा धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचना लगायतका कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँग्न निषेध गरिएको छ ।

# पत्रकार महासंघद्वारा पत्रकारलाई आचारसंहिता पालना गर्न आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पत्रकारहरुलाई आचारसंहिता र निर्वाचन आयोगले पत्रकारकालागि जारी गरेको आचार संहिता दुवै पालना गर्न आग्रह गरेको छ ।

महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा बुधबार जारि प्रेस विज्ञप्तिमा पछिल्लो केही दिन यता सप्तरीका एक-दुई छापा माध्यम र केही पत्रकारहरुबाट निर्वाचन आचारसंहिता उल्लंघन गरिएको पाईएको जनाइएको छ । विज्ञप्तिमा पत्रकार महासंघले यस सम्बन्धमा सूक्ष्म अनुसन्धान गरिरहेको जनाउँदै सञ्चारमाध्यममा मात्रै नभई पत्रकारले सामाजिक सञ्जाल प्रयोगमा पनि आचारसंहिताको ख्याल गर्नुपर्ने अतिआवश्यक रहेको उल्लेख छ ।

सो विज्ञप्तिमा निर्वाचन सम्बन्धी कुनै किसिमको सर्वेक्षण गर्नसमेत रोक लगाईएको समयमा खासगरेर फेसबुकसहितका समाजिक सञ्जालमा यसको बढी उल्लंघन भईरहेको पाइएका जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, "हामी पत्रकारलाई अरु भन्दा बढी ख्याल निर्वाचन आचारसंहिता पालना गर्नुतर्फ हुने भएको हुँदा आयोगले जारी गरेको निर्वाचन आचारसंहिताको परिच्छेद ७ को २५ बमोजिम मात्र गर्न हुन सबै पत्रकारमा नेपाल पत्रकार महासंघ सप्तरी शाखा आग्रह गर्दछ । अब पनि सञ्चारमाध्यम तथा पत्रकारले निर्वाचन आचारसंहिता विपरित काम गरेमा महासंघले आवश्यक कारबाही प्रक्रिया अगाडी बढाउनेसमेत यसै विज्ञप्ती मार्फत सम्बन्धित सबै जानकारी गराउँदछ ।"

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

हुलाकी सडक खण्ड अर्न्तगत सप्तरीको पथरगाढामा मोटरसाइकल दुर्घटनामा परि एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको डाक्नेश्वरी नागरपालिका वडा नं. ९ बस्ने २३ बर्षिय दयानन्द साह रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरिक्षक नरेश सिहले जानकारी दिएका छन् ।

प्रदेश २-०१-००१५७४२६

*बाँकी अन्तिम पृष्ठमा*


# निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मदिरा बिक्रिदेखी सेवनसम्ममा निषेध

**दैनिक समाचारदाता**
**राजविराज, २३ कात्तिक ।**

मंसिर ४ गतेको निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीले कात्तिक २३ गतेदेखी निर्वाचनको अन्तिम परिणाम घोषणा नएसम्म जिल्लाभर मादक पदार्थको ओसारपोसार, बिक्रि वितरण र सेवन कार्य निषेध गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाद्वारा बुधबार जारि सूचनामा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्न गृहमन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको परिपत्र र जिल्ला सुरक्षा समितिको निर्णयअनुसार उक्त कार्यमा निषेध लगाइएको उल्लेख छ ।

साथै विज्ञप्तिमा त्यस्ता कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचना मार्फत जानकारी गराइएको छ ।



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
सप्तरी, राजबिराज

फोन नं.०३१-५२०६२४
५२००३२
५२०१७४
५२०८३२
E-mail :- daosaptari1@gmail.com

मिति: २०७९/०७/२३

**मादक पदार्थ बिक्रि वितरण, ओसारपसार र सेवन निषेध गरिएको सुचना ।**

मिति २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.३३२ मिति २०७९/०५/३० गतेको परिपत्र र जिल्ला सुरक्षा समितिको मिति २०७९/०७/२३ गतेको निर्णयानुसार २०७९ कार्तिक २३ गते देखी निर्वाचनको अन्तिम परिणाम घोषणा नभए सम्मको लागी यस जिल्लाभर मादक पदार्थको ओसारपसार, बिक्रि वितरण र सेवन कार्य निषेध गरिएको हुँदा सो कार्य नगर्न नगराउन हुन सूचित गरिन्छ, अन्यथा भए गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही भई जाने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

७९/०७/२३
प्रमुख जिल्ला अधिकारी

# प्रदेश नं १ का मन्त्री थापाको निधन

मोरङ, २३ कात्तिक (रासस) ।

प्रदेश नं १ का वन, पर्यटन तथा भू-संरक्षणमन्त्री एवं मोरङ क्षेत्र नं ३ '१'का प्रदेशसभाका उम्मेदवार शेखरचन्द्र थापाको उपचारका क्रममा बुधबार विराटनगरमा निधन भएको छ । उहाँको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको नेपाली कांग्रेस मोरङका सचिव मोदराज घिमिरेले जानकारी दिनुभयो ।

मोरङको पथरीशनिश्चरे नगरपालिका–८ सखराका बासिन्दा ५८ वर्षीय थापाले गत असोज २३ गते निर्वाचनको मनोनयन दर्तापश्चात् स्वास्थ्यमा समस्या देखिएको थियो । थापाको स्वास्थ्यमा निमोनिया र पायल्ससमेत देखिएपछि उपचारका काठमाडौंको ह्याम्स अस्पताल लगिएको थियो ।

उहाँलाई स्वास्थ्य अवस्था सामान्य बन्दै गएपछि विराटनगर ल्याइएको थियो । उहाँको श्वासप्रश्वासमा समस्या भएपछि पुनः सोमबार उपचारका लागि नोबेल अस्पतालमा भर्ना गरिएको थियो । थापाका श्रीमती, एक छोरा र एक छोरी छन् ।

यसैबीच मोरङ क्षेत्र नं ३ 'क'को निर्वाचन कार्यक्रम स्थगित नहुने प्रदेश नं १ निर्वाचन कार्यालय विराटनगरले जनाएको छ । कांग्रेस मोरङले मोरङ क्षेत्र नं ३ निर्वाचन अधिकृतको कार्यालयलाई निधनका विषयमा जानकारी गराएपछि आयोगले अरू गतिविधि स्थगित गरी कार्यतालिका बनाएर मनोनयन प्रक्रिया अघि बढाउने प्रदेश निर्वाचन कार्यालयका प्रमुख लेवन काश्यप अधिकारीले बताउनुभयो ।

